पाष्टरीय अगुवा तालीम अनि तपाई

पाष्टरीय तालीम पुस्तिका

२४

तालीम र वृद्धि

T&M ®

कसरी मण्डली शुरु भयो

तपाईलाई "तालीम र वृद्धि" नामक अति रोचक पाष्टरीय तालीम कार्यक्रममा भाग लिन विशेष निमन्त्रणा छ । यसद्वारा, परमेश्वरले सयौं पाष्टरहरु तयार पार्नुभएको छ अनि धेरै देशहरुमा उहाँको मण्डलीलाई प्रोत्साहित गर्नुभएको छ ।

सर्वप्रथम, जसै तपाईले शुरु गर्नुहुन्छ, परमेश्वरको अगुवाइको निम्ति प्रार्थना गर्नोस् । त्यसपछि, बढो होशियारपूर्वक मत्ती २८:१६-२० पढ्नोस् अनि निम्न प्रश्नहरुको उत्तर दिनुहोस् । (तपाईको प्रशिक्षकसंग अर्को पटक भेट हुँदा उहाँले यो पाठबाट तपाईलाई सररर केही बताउनुहुनेछ) ।

१. सारा राष्ट्रहरुमा "जाऊ" (काम गर) अनि चेला बनाऊ भनेर आज्ञा दिनुहुने को हुनुहुन्छ ?

_____

२. यो आज्ञालाई समर्थन गर्ने कुन किसिमको अधिकार येशूमा थियो ?

_____

_____

३. धेरै वर्षअघि दिइएको यो आज्ञा आज तपाईको निम्ति पनि त्यतिकै कामलाग्दो छ। यसलाई प्रभावशाली रुपमा पालन गर्नसक्ने गरी तपाईलाई सहयोग गर्नको निम्ति नै "तालीम र वृद्धि" तयार पारिएको छ। यसकारण, प्रिय इसाई मित्र, हामी तपाईलाई निम्न कुराको निम्ति आव्हान गर्दछौं–



४. जब हामी जान्छौं तब के गर्नुपर्छ भन्ने कुरा बुझ्नलाई कृपया गरी पद १९ र २० हेर्नोस् अनि येशूको हामीलाई के आज्ञा गर्नुभएको छ थाहा गर्नोस्।

येशूले हामीलाई चेलाहरु बनाउने आज्ञा दिनुभयो । कसरी गर्न सकिन्छ त्यो पनि सिकाउनु भयो । चेला बनाउँदा कुन दुइ कुराहरु गर्नको निम्ति उहाँले हामीलाई आज्ञा दिनुभयो ?

तिनीहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिनु संगसंगै हामीले उनीहरुलाई आज्ञा पालन पनि सिकाउनु पर्छ । चेलाहरुले पालन गर्नु पर्ने विशेष आज्ञाहरु के के छन् ?

हामीले खीष्टका चेलाहरुलाई उहाँले आज्ञा गर्नुभएका सबै कुरा पालन गर्न सिकाउनु पर्दछ । हामीले यी सब कहाँ गर्नुपर्छ ?

हामी (मण्डली)ले सबै देशहरु (अर्थात, सबै जातिहरु, समाजहरु, मानव समुदायहरु) मा चेलाहरु बनाउनु पर ेको छ ।

५. येशूले भन्नु भए जस्तै गरी हामीले "तालीम र वृद्धि" मा चेलाहरु बनाउँछौं । के तपाई आधारभूत तरिकाहरुसंग सहमत हुनुहुन्छ ? _____

६. पश्चाताप गरी येशूलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नेहरुलाई ब_____ दिएर, अनि उहाँले आज्ञा गर्नुभएका सबै मान्नको निम्ति सिकाएर हामी यो काम गर्छौं ।

७. पद १९ अनुसार हामीले "सारा राष्ट्रहरु" अर्थात ठूलो क्षेत्रमा चेला बनाउनु परेको छ ! तर प्रेरित १:८ अनुसार हामी यी राष्ट्रहरुमा कसरी पुग्नु पर्ने हो त्यसको रुपरेखा दिइएको छ । कृपया गरी जिम्मेवारीका चार क्षेत्रहरु बिचार गर्नोस् अनि तिनीहरुलाई तलतिर लेख्नोस्:

यरु _____(हाम्रो आफ्नै समुदायमा)

यह _____(वरिपरिका क्षेत्रहरुमा)

सामा_____(अरु संस्कृति अनि वरपरका क्षेत्रहरुमा)

_____(टाढा-टाढाका देशहरुमा)।

८. चेलाहरुले आज्ञा पालन गरे अनि मण्डली वृद्धि हुन थाल्यो । कालान्तर मा, प्रेरित पावलले अयहूदी संसारमा मण्डली विस्तार गर्ने जिम्मेवारी पाए । उनले कसरी गरे हामी हेरौं ।



९. कृपया गरी २ तिमोथी २:१-१० पढ्नोस् । पावलले नयाँ मण्डलीहरु मात्र स्थापित गरेनन्, तर पद २ मा भनिए अनुसार उनले त रोमी साम्राज्यभरि धेरै सुपरिवेक्षक अनि सेवकहरु नियुक्त गरेका थिए ।

“धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।”



पावल
प्रथम श्रृङ्खला

पावलका विद्यार्थीहरु
(जस्तै तिमोथी अनि तीतस, दोस्रो श्रृङ्खला)

विश्वासयोग्य मानिसहरु
तेस्रो श्रृङ्खला

अरुहरु
(चौथो श्रृङ्खला)
२ तिमोथी २:२

१०. हरेक सेवकले उसले सिकेको कुरा मण्डली र अरु सेवकहरुलाई सिकाउँछ । तिनीहरुले अरुहरुलाई सिकाउँछन् अनि नचुँडिने श्रृङ्खला बन्न पुग्छ । यही उपायद्वारा शुरुका विश्वासीहरुले उनीहरुका देशहरु खीष्टको निम्ति जिते । आज हामीले त्यही गर्नसकौं भनेर पवित्र आत्माले हामीलाई उत्साहित पार्नुहुन्छ । यो एक विशेषाधिकार र महान जिम्मेवारी हो ।

११. यहाँ एक स्पष्ट सिद्धान्त छ जसमाथि "तालीम र वृद्धि" कार्यक्रम आधारित छ:

"एक स्वस्थ, आज्ञाकारी मण्डली एक पौधा जस्तै हो जो बढ्छ अनि नरोकीकन उत्पादन गरिबस्छ ।"



"तालीम र वृद्धि" को आधारभूत सिद्धान्त बुझ्नको लागि, यो कसरी शुरु भयो, त्यसको साँचो कथा पढ्नोस् ।

“तालीम र वृद्धि” कसरी शुरु भयो ।

केही वर्ष एक सेमिनारीको शिक्षक अति निरास थिए....

कसलाई अनि कसरी चाहिँ पाष्टरी तालीम दिनु भन्ने बारेमा परमेश्वर आफ्नो वचनद्वारा बोल्नुभयो ।

अझै अलमलमै परिरहेको बेला, एक दिन एक जना व्यक्तिलाई विद्यार्थीको रुपमा लिन ट्रेनमा चढी गाउँमा जाँदा, उसले महसूस गर्दछ....





केही साता पछि, विद्यार्थी जोनले परमेश्वरलाई प्रशंसा दिइर हेको हुन्छ....

येशूले आज्ञा गर्नुभएका कुराहरुबाट शिक्षकले शुरु गरे ।

त्यसपछि....



केही साता पछि...

धेरै विद्यार्थीहरुको लागि मसंग समय छैन । तर जोन, तिमीले नै तिनीहरुलाई तालीम दिनसक्छौ । म तिमीलाई त्यसो गर्नको लागि सहयोग गर्नेछु । तपाईको मण्डलीमा अरु पनि "एल्डरहरु" लाई तपाईले तालीम दिनु अति राम्रो हो ।
अवश्य, तिनीहरुलाई तालीम दिनु मलाई मन परिरहेको छ ! तपाईले मलाई सामाग्री जुटाउनुभयो र सहायता गर्नुभयो भने भइहाल्छ । मेरो सपना साँचो भएर आइरहेछ । हरेक गाउँमा मण्डलीहरु वृद्धि भएको देख्न सकिरहेको छु !
ज्यू, के यो आश्चर्यमय कुरो होइन र ! प्रभुको प्रशंसा होस ! यहाँ दुइ प्रति विद्यार्थी क्रियाकलाप गाइड र केही पुस्तिकाहरु छन्, जो तपाईले आफ्ना भतिजाहरुसंग प्रयोग गर्न सक्नुहुन्छ ।

बीस वर्षको समयावधिमा, परमेश्वरको महिमा र उहाँको र ाज्य विस्तारको निम्ति सयभन्दा बढी नयाँ मण्डलीहरु वृद्धि भएर गए ।



होन्डुरस देशको गाउँ-गाउँमा सफल ठहरिएको यही बाइबलीय सिद्धान्तहरु, समय समयमा, अरु ठूला नगरहरुमा, शहरहरुमा, गाउँहरुमा, अनि संसारभरका गाउँले क्षेत्रहरुमा फैलिएर गइरहेको छ ।

के तपाई पनि यस्तै पाष्टरीय तालीम कार्यक्रममा भाग लिन इच्छुक हुनुहुन्छ ? यदि हुनुहुन्छ, यो पढिसिध्याउनोस् ।

"तालीम र वृद्धि" के हो ?

१. प्रथमतः, यो पाष्टरीय सेवकाइ भएकाहरुको निम्ति अभ्यासमा आधारित कार्यक्रम हो । "तालीम र वृद्धि" को विद्यार्थीको हैसियतमा तपाईले अरुहरुलाई सुसमाचार सुनाउने र चेला बनाउने काम गर्नैपर्छ ।

जसले बाइबल सिक्न चाहन्छ, उनीहरुले यसको शिक्षालाई व्यवहारमा उतार्न चाहँदैन भने, विद्यार्थीको रुपमा भर्ना हुन पाउँदैनन् ।

२. दोस्रो, यो एक अध्ययन कार्यक्रम हो । विशेष रुपमा तयार पारिएको पाष्टरीय तालीम पुस्तिकाहरुको सहयोगमा परमेश्वरको वचन अध्ययन र अभ्यासद्वारा तपाईले सिक्नुहुनेछ ।

३. तेस्रो, जसै तपाईले पाष्टरीय काम र अध्ययनको योजना गर्नुहुनेछ, तपाईको पाष्टरीय प्रशिक्षक (निरीक्षक) ले तपाईलाई अगुवाइ गर्नुहुनेछ ।

४. यसकारण, “तालीम र वृद्धि” कार्यक्रम यसरी निर्माण भएको छ:

जीवनको वास्तविक स्थितिहरुमा पाष्टरीय जिम्मेवारी निभाउने,
अभ्याससहितको सरल घरेलु अध्ययन गर्ने ।
पाष्टरीय प्रशिक्षकसंग वारम्बार भेट गरिरहने ।



यी तीन कुराहरु रेलका लीकहरु आपसमा भेट भए जस्तै हुन् । तपाईको पाष्टरीय कार्य र अध्ययन (रेल) लाई तपाईको पाष्टरीय प्रशिक्षकसंग वारम्बार भेट गर्ने कामले एक साथ राख्दछ । यो भेटमा तपाईले अब अघि चाल्नु पर्ने कदमबारे बाँडचुड गर्नु साथै योजना मिलाउनु हुनेछ ।

तर यो "तालीम र वृद्धि" माः

- तपाईले घरमै बसेर, तपाईको आफ्नै स्तरमा, अनि गतिमा आफ्नो नोकरी, धन्धा वा मण्डली नछोडिकन अध्ययन गर्न सक्नुहुन्छ ।

- ठूल्ठूला ठेलीहरु अध्ययन गर्नुको साटो, यो कार्यक्रम छोटो र सरल अध्ययनहरुमा विभाजित गरिएकोछ अनि जब चाहिन्छ तब तपाईको प्रशिक्षकले एउटा एउटा गरेर तपाईलाई दिनुहुनेछ ।

- तपाईको निम्ति तपाईको प्रशिक्षकले राख्नुहुने “विद्यार्थी क्रियाकलाप गाइड” मा आवश्यक कार्यक्रमहरु देखाइएको छ अनि तपाईको वर्तमान सेवा र खाँचो अनुसार जे चाहिन्छ, त्यही मिल्दो-जुल्दो चुनेर प्रयोग गर्नसक्नुहुन्छ ।

- जसै तपाईले अध्ययन गर्दै जानुहुन्छ, तपाईले आफ्नो पाष्टरीय प्रशिक्षकसंग प्रार्थना, अध्ययन र भविष्यको सेवकाइमा चाल्नु पर्ने कदमहरुको योजनाको निम्ति निर न्तर भेटघाट गर्नुहुनेछ ।

पाष्टरीय तालीम र तपाई

पाष्टरीय तालीममा तपाईका जिम्मेवारीहरु

“तालीम र वृद्धि” मा तपाई पाष्टरीय विद्यार्थी हुनुभए पछि, तपाईलाई येशू प्रभुबाट नै आदेश आउनेछ । खीष्ट र उहाँका प्रेरितहरुप्रति आज्ञाकारी हुनुको जगमा नै तपाईले आफ्नो सम्पूर्ण सेवकाइ निर्माण गर्नुहुनेछ ।

यसो भन्नुको अर्थ यति मात्र होइन कि तपाईले गर्नुपर्ने काम चाहिँ येशूका आज्ञाहरु सिकाउनु मात्र हो । आधारभूत जगको रुपमा हामी उहाँकै आज्ञाहरुबाट शुरु गर्नेछौं, त्यसपछि यही ‘चट्टान’ रुपी आधारमा हाम्रा शिक्षा अनि सेवकाइहरु निर्माण गर्दछौं । हामी येशूका आधारभूत आज्ञाहरु दोहोऱ्याउनु पर्दछ । उहाँले लगभग चालीस आज्ञाहरु दिनुभएको छ, तर ती सबै सात आधारभूत आज्ञाहरुमा समाविष्ट हुनसक्छ ।
प्रेरित २:३७-४७ मा, यिनै सात आज्ञाहरु जस्ताको तस्तै ालन गरेर नयाँ करारका प्रथम मण्डलीमा ३००० नयाँ आत्माहरु थपिए ।

हाम्रो उद्धारको लागि मर्कूस १:१५ मा येशूले के आज्ञा दिनुभएको छ?

उद्धारको निम्ति हामीले पश्चाताप र विश्वास गर्नैपर्छ । बाइबलका अरु खण्डहरुमा हामीले यो पनि पाउँछौं कि हामीले पवित्र आत्मा पाउनुपर्छ (यूहन्ना ३:३-९, यूहन्ना २०:२२)। यही आज्ञाद्वारा सुसमाचारको सेवकाइ वृद्धि हुँदछ ।

मत्ती २८:१९-२० र प्रेरित २:३८ पढ्नोस् । कसरी परिवर्तन हुने व्यक्तिमा भएको विश्वास र पश्चातापलाई उसले प्रमाणित गर्न सक्छ ?

बप्तिस्माद्वारा नै पश्चातापलाई प्रमाणित गर्नसक्छ । यो प्रारम्भिक आज्ञाकारिताद्वारा नै चेलापनको सेवकाइको वृद्धि हुन्छ ।

मत्ती ६:५-१३, अनि ७:७-८ पढ्नोस् । हामीले दिनहुँ अरु के गर्दछौं?

हामीले दिनहुँ प्रार्थना गर्दछौं । यही आज्ञाद्वारा नै बिरामीहरुको लागि प्रार्थना गरिदिने, पारिवारिक र व्यक्तिगत आराधना गर्ने, अनि आत्मिकी संघर्ष जस्ता अन्तर्विन्तीका सेवाकाइहरु अघि बढ्दछन् ।

कृपयागरी मत्ती ६:१९-२१ पढ्नोस् । खीष्टको आज्ञाकारी चेलाले अरु के गर्दछ ?

हामी प्रेमसाथ दिन्छौं । तपाईले आफ्ना चेलाहरुलाई बढो उदारतासंग दिन सिकाउनु पर्छ । यही आज्ञाद्वारा भण्डार पनको सेवकाइ वृद्धि हुन्छ ।

कृपया गरी मत्ती २२:३७-४० पढ्नोस् । आज्ञाहरुमा सबैभन्दा मुख्य के हो? यसका दुइ भागहरु छन् । कृपया गरी तपाईका आफ्नै शब्दहरुमा यी दुइ आज्ञाहरुलाई लेख्नोस्:

सबै आज्ञाकारी चेलाहरुले आफ्नो परमेश्वरलाई सारा हृदयले, अनि आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्दछन् । खाँचोमा परेकाहरुलाई सहयोग गर्ने कृपा सेवकाइ लगायत सारा सेवकाइहरु यही आज्ञाबाट भएर वृद्धि हुन्छ । यूहन्ना १४:१५मा येशूले भन्नुभयो, *"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।"*

ख्रीष्टलाई महिमा दिनको निम्ति हामी, अर्थात देहको रुपमा मण्डलीले के गर्नुपर्छ भनी लूका २२:१९-२० मा पत्ता लाउनोस् ।

येशूका आज्ञा पालन गर्न हामी प्रभुभोजमा सामेल भई "रोटी भाँच्छौं"। यही आज्ञाद्वारा आराधनाको सेवकाइ वृद्धि भएर जान्छ ।

कृपया गरी मत्ती ४:४ पढ्नोस् । हामीले दिनहुँ खानु पर्ने 'र ोटी' के हो ?

खीष्टका सारा चेलाहरुले परमेश्वरको वचनको भोज खान्छन्, अनि अरुहरुलाई पनि सिकाउँछन् । मत्ती २८ मा येशूले हामीलाई चेला बनाउने आज्ञा दिनुभएको छ । चेला बनाउनु भनी दिइएको यो आज्ञाले धेरै सेवकाइहरुमा डोऱ्याउँछ: खीष्टको निम्ति साक्षी बन्नु, नयाँ चेलाहरुलाई आज्ञा पालन गर्न सिकाउनु, बगालको निम्ति गोठालोको भूमिका निभाउनु, परमेश्वरको वचनमा मनन गर्नु, मिसनेरीहरु पठाउनु, अनि सबै प्रकारका इसाई शिक्षा तथा शिक्षण अभिवृद्धि गर्नु ।

तपाई अहिले कहाँ प्रभुको सेवा गर्दै हुनुहुन्छ ?

खीष्टका आज्ञाहरु पालन गर्नको निम्ति तपाईले वर्तमानमा के गर्दैहुनुहुन्छ?

अब विश्वासको कदम चाल्नोस् अनि प्रार्थनासहित ती व्यक्तिहरु अनि स्थानको नाउँ लेख्नोस् जहाँ तपाई गएर चेला बनाउन सक्नुहुन्छ ।

पाष्टरीय जिम्मेवारीहरु निभाउनुका साथै तपाईले प्रभावशाली सेवकाइ गर्नको निम्ति निम्न पृष्ठहरुमा बताइएको अनुसार व्यक्तिगत गुणहरुमा पनि विकास गर्नुपर्छ । (१ तिमोथी ३:१-७)

पाष्टरीय सेवकको रुपमा तपाई यसप्रकारको हुनैपर्छः

कसैले दोष लगाउन नसक्ने, अनि बाहिरकाहरुमा राम्रो नाउँ भएको



अतिथि सत्कार गर्नसक्ने

संयमी स्व-नियन्त्रित, सम्मानित

सिकाउन सक्ने



(विवाहित हो भने)

एउटै पत्नीको पति, अनि आफ्नो घर राम्ररी चलाउन सक्ने (नत्रभने घरको चलाउन नसक्नेले कसरी पर मेश्वरको मण्डलीको वास्ता गर्नसक्ला)?

पाष्टरीय सेवक भए पछि, तपाईले यसो गर्नु हुँदैनः

मतवाला हुनुभएन

रिसाहा होइन, तर विनम्र हुनुपर्छ ।



धनको लोभ गर्ने हुनुभएन ।



नयाँ विश्वासी नहोऊन् ।



एक प्रभावशाली अगुवा बन्न कुन गुणहरु तपाईमा अझ विकास गर्नु जरुरी देखाइदिनुहोस् भनी प्रभुसंग प्रार्थना गर्नुहोस् ।

तपाईले ख्रीष्टको देहका अरु अङ्गहरुसंग पनि मिलेर काम गर्नुपर्छ । मण्डलीको अरु खास अगुवाहरुप्रति आदर नराखी आफू खुशी काम गर्ने आत्मा तपाईमा होस् भन्ने परमेश्वर चाहनुहुन्न । प्रेरित १३:१-३ अनुसार परमेश्वर हामीसंग उहाँको वचन अनुसार मात्र बोल्नुहुन्न, तर केद्वारा पनि बोल्नुहुन्छ:

☐ हाम्रा आफ्नै विचारहरुद्वारा ।

☐ मण्डलीमा हुनुभएका अरुहरुद्वारा ।

यसरी नै पाष्टरीय विद्यार्थीको हैसियतमा तपाईले काम गर्नुपर्छ:

☐ आफूखुशी मात्र ।

☐ मण्डलीमा भएका अरुहरुसित मिलेर ।

कुनै अर्को क्षेत्रमा पठाइएको व्यक्ति आफ्नो मण्डलीमा फर्केर आएर उसको कामको प्रतिवेदन उसले सुनाउनु पर्छ (प्रेरित १४:२६-२८)। तपाईले के गर्दै हुनुहुन्छ भनी तपाईको मण्डलीले किन जान्नु पर्‍यो ?

सम्बन्धित व्यक्तिसंग सहमत नभईकन उसको जिम्मेवारी क्षेत्रमा गई तपाईले प्रचार गर्नुहुँदा कस्तो समस्या आउन सक्ला ?

विद्यार्थीको हैसियतमा तपाईको जिम्मेवारीः

कसले कसलाई चलाउछ ?

- निसन्देह तपाई एक व्यस्त व्यक्ति हुनुहुन्छ अनि तपाईलाई “तालीम र वृद्धि” को सेवकाइ निमन्त्रणा छैन । तर पनि जसले मसित समय छैन भन्छ, त्यस्तै मानिसहरुबाट बढी असफलता आएको देखिन्छ । समस्या चाहिँ प्रायःजसो गरी समयको अभाव होइन, तर समयलाई व्यवस्थित रुपमा चलाउन नजानेको हो ।

- बुद्धिमानी पाष्टरहरुले समयको सदुपयोगलाई मिलाउँछन् । तपाईले हरेक मिनटको काम पहिलेबाटै मिलाउनै पर्छ भनी हामी भन्दैनौं । यसरी पवित्र आत्माको अगुवाइ पछ्याउने तपाईको स्वतन्त्रतामा बाधा पर्न आउँछ । तर मुख्य कुराहरु गर्नको निम्ति अघिबाटै समय मिलाउन जरुरी हुन्छ ।

यसो गर्दा तपाई विगत केही दिनहरुमा गर्नुभएको हरेक कुराको विवरण सकेसम्म सम्झनु होस् । त्यसको एक सूची बनाउनोस् । तब प्रभुको कामको निम्ति कुन कुर ाहरु बहुमूल्य थिए अनि कुन चाहिँ थिएनन् भनी निर्णय गर्नोस् । तब, भविष्यमा कसरी बुद्धि पुऱ्याएर समय प्रयोग गर्नुपर्ने हो भनी प्रार्थनासहित निर्णय गर्नोस् ।

भविष्यमा तपाईको कार्यतालिका बनाउँदा तपाई अलि कठोर पनि बन्नुपर्दछ, अनि मण्डलीलाई खास गरेर आत्मिक उन्नति नगर ाउने सारा कार्यक्रमहरु



रद्द गर्नुपर्छ। कतिपय भइपरी आउने मुख्य कामको निम्ति धेरै समयहरु छुट्याएर राख्नुपर्छ। साथै तपाईको परिवार र आरामको निम्ति पनि प्रशस्त समय छुट्याउनु होस्।

- तपाईले अहिले जे गरिरहनुभएको छ, त्यसको मूल्याङ्कन गर्नोस्। एक दिनमा केवल २४ घण्टा समय भएको हुँदा, तपाईले पाष्टरीय कार्य र अध्ययनको निम्ति प्रशस्त समय छुट्याउने योजना मिलाउनु पर्छ। शायद तपाईले कतिपय कामकुरा फेरि मिलाउनु पर्ला अथवा तपाई कतिपय वर्तमान क्रियाकलापहरुलाई काँटछाँट पनि गर्नुपर्ला।

अब:

- तपाईको पाष्टरीय कार्य अनि अध्ययनको निम्ति सातामा केही घण्टा समय विशेष रुपमा छुट्याउनु होस् । उब्रेको समयमा गरौंला भनेर नठान्नोस् ।

- सबै एकै दिनमा गरुँला भन्नु भन्दा हरेक दिनमा अलिअलि गरेर अध्ययन गर्ने योजना मिलाउनोस् ।

- जब तपाईको मन खुला हुन्छ तब अध्ययन गर्ने समय लिनु राम्रो हुन्छ । कतिले राती राम्ररी अध्ययन गर्नसक्छन् भने कतिले चाहिँ बिहान ।

- तपाईलाई कसैले त्यति बढी बाधा दिँदैन भनेको समय चाहिँ अध्ययनको निम्ति छुट्याउनोस् ।

तपाईको पाष्टरी कार्यको निम्ति कुन दिन र समय अति उत्तम हुन्छ?

_____

विशेष टिप्पणीः तपाईको समय तालिका मिलाउँदा, तपाईको परिवारलाई पनि याद गर्नुहोस् । धेरै पाष्टर हरुले परमेश्वरको काममा समर्पित भएको बहानामा परिवारलाई वास्ता नगर्दा अन्तमा गएर सेवकाइलाई नै नष्ट पारेका पनि छन् । यस बारेमा १ तिमोथी ३:४-५ ले के भन्छ ?

- छुट्टाएको समयमा साथसाथै कुनै विशेष स्थानमा अध्ययन गर्नु अति राम्रो हो । यसो गर्दा तपाईलाई चाहिने कुरो तपाईसंगै हुन्छ अनि तपाईलाई एकाग्रचित्त हुनु पनि सजिलो हुन्छ ।

सम्भव भए, तपाईले यस्तो ठाउँमा अध्ययन गर्नुपर्छ:

☐ एक शान्त ठाउँमा जहाँ तपाईलाई कुनै बाधा पुग्दैन ।

☐ जहाँ राम्रो बत्ती र भेन्टिलेशन छ ।

यदि सम्भव भएमा, तल बताइएको फर्निचर हुनु असल हो:

☐ एक टेबल अथवा डेस्क अनि एक सीधा चौकी ।

☐ तपाईका सामाग्रीहरु राख्नको लागि एक पुस्तक-आल्मारी ।

☐ तपाईको योजनागत क्रियाकलापहरु प्रदर्शन गर्न एक सूचना पाटी ।

तपाईको परिस्थिति अनुसार, तपाईले कहाँ अध्ययन गर्नुहुनेछ ?

सारांश जाँच

१. चेलाहरुले सबै राष्ट्रहरुमा के गरुन् भनी येशूले आज्ञा गर्नुभयो ?

_____

_____

_____

प्रेरितहरुको निम्ति, यो आज्ञाकारिता बप्तिस्माबाट शुरु भयो, अनि ती नयाँ विश्वासीहरुलाई ख्रीष्टको बाँकी आज्ञाहरु पालन गर्न सिकाउन थाले ।

२. "तालीम र वृद्धि" कार्यक्रमसम्बन्धी बुझ्नको लागि तल दिइएका भनाइहरुको पछि "ज्यू, हो" अथवा "अहँ, होइन" लेख्नोस् ।

क) ___ तपाई धेरै वर्ष कुनै औपचारिक थियोलजिकल सेमिनारीमा अध्ययन गर्नको निम्ति जानैपर्छ ।

ख) ___ तपाईले आफ्नै घरको परिस्थितिमा रहेर अध्ययन र पाष्टरी कार्य गर्नुपर्छ ।

ग) ___ तपाईलाई आवश्यक भए अनुसार तपाईले छोटो छोटो कोर्स अध्ययन गर्नु राम्रो हुन्छ ।

घ) ___ तपाईले आफ्नो पाष्टरीय प्रशिक्षकलाई कहिले-काहीँ मात्र भेटे हुन्छ ।

ङ) ___ "तालीम र वृद्धि" तपाईको मण्डलीको सेवकाइहरुलाई केन्द्रित गरेर तयार पारिएको सरल कदम चालेर गरिने कार्यक्रम हो ।

च) ___ तपाईको पाष्टरीय प्रशिक्षकले तपाईको निम्ति योजना तयार पारिदिन्छ, अनि तपाईले के अध्ययन गर्नु पर्ने हो भनेर उसले आज्ञा दिन्छ ।

छ) ___ तपाईको पाष्टरीय प्रशिक्षकको सहयोग लिएर तपाईले योजनाहरु बनाउनु हुनेछ अनि उनले

उत्तरहरु:

क) होइन । ख) हो । ग) हो । घ) होइन । ङ) हो ।

च) होइन । छ) हो ।

“तालीम र वृद्धि” को निम्ति विद्यार्थी करार

परमेश्वरको सहयोगमा, म स्वयं प्रतिज्ञा गर्दछु:

- परमेश्वरलाई प्रेम गर्दछु अनि (म स्वयंले अनि जसलाई म सिकाउनेछु उनीहरुले) उहाँका सबै आज्ञाहरु पालन गर्नलाई उच्च प्राथमिकता दिनेछा

- ईमान्दार प्रेमद्वारा म मेरो परिवारको वास्ता गर्नेछु । (एफिसी ५)

- जसको गोठालो म बनेको छु, तिनीहरुको निम्ति, मेरा सहकर्मीहरुको निम्ति अनि जसले अझसम्म खीष्टलाई ग्रहण गरेका छैनन् उनीहरुको निम्ति म निरन्तर प्रार्थना गर्नेछु ।

- अरुहरुसंग, विशेष गरी मेरो मण्डलीसंग, मिलेर म कठोर परिश्रम गर्नेछु, अनि मेरो क्रियाकलापबारे मेरो प्रशिक्षकलाई बताइरहने छु । (रोमी १२:९-११)

- मलाई जहाँ जानलाई बोलावट हुन्छ, खीष्टको राज्य विस्तारको निम्ति म मेरो समय र पैसा दिनेछु (मत्ती २८:१८-२०)।

- मण्डली वृद्धि र पुनरुत्पादनको लागि परमेश्वरले समर्थ तुल्याउनु हुनेछ भनी उहाँमा भरोसा गर्दछु (मर्कूस ४) ।

- १ तिमोथी ३:१-७ मा बताइएको मण्डली अगुवाहरुले पूरा गर्नुपर्ने शर्तहरुलाई म ध्यान दिइनैरहनेछु ।

- सुसमाचारलाई म उत्सुक्ता, प्रेम र प्रष्टसंग बताउने छु, ताकि मानिसहरुले विश्वास गर्नेछन् अनि प्रभुको आज्ञा पालन गर्नेछन् । (मत्ती २८:१९-२०)

- विशेष गरी मण्डली नभएका ठाउँहरुमा नयाँ मण्डली शुरु र स्थापित गर्नलाई सक्दो प्रयास गर्नेछु (रोमी १५:२०-२१)।

- स्वार्थी आकांक्षा नराखीकन खीष्टको निम्ति कष्ट भोग्न तयार बन्नेछु (२ तिमोथी २:३)।

- मेरो पाष्टरीय प्रशिक्षकको सल्लाह मान्दै, मेरो पाष्टरीय कार्य र अध्ययनमा भएका सबै अभ्यासका कामहरु विश्वासयोग्यतासंग म पूरा गर्नेछु ।

सही _____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

024NP01A-01